## मिति २०७५।७।२६ गते ओमसतिया गाउँ कार्यपालिकाको बैठकबाट भएका निर्णयहरु :

निर्णय नं. १ :- माटो ढुवानी ईजाजत पत्र दिदाँ प्रति ट्रेक्टर १०००।-, प्रति जे.सी.बी.५०००।-, प्रति ६ चक्के टिप्पर ३०००।- , प्रति १० चक्के टिप्परको ४०००।-, प्रति भ्याकु लोडरको ५०००।- र चेनवाला स्काईभेटरको प्रति स्काईभेटर ७०००।- वार्षिक दर्ता शुल्कका रुपमा लिने निर्णय गरियो । माटो उत्खनन् गर्दा प्रति घन फिट २ रुपैयाका दरले र १५ दिनको उत्खनन् समय दिने र म्याद थप गर्नु परेमा एक पटकका लागि ५ प्रतिशत जरिवाना शुल्क लिई म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. २ :- कृषि कार्यक्रममा गाउँपालिकाको स्वीकृत बजेटबाट छुट्टाईएको रकमबाट गहुँ गाउँपालिकाका कृषकहरुलाई २५ प्रतिशत अनुदान वितरण गर्ने गरियो । यसका लागि पहिलो चरणमा ६०० क्वीन्टल गहुँ (प्रति वडा १०० क्वीन्टलका दरले) खरिद गरी वितरण गर्ने समेत निर्णय गरियो । साथै वितरण गर्दा प्रति कृषक परिवार अधिकतम १ बोरा (४० के.जी.) लालपूर्जा एवं नागरिकताको प्रतिलिपीका आधारमा सहकारी संस्था मार्फत वितरण गर्ने समेत निर्णय गरियो ।

निर्णय नं. ३ :- ओमसतिया गाउँपालिका वड़ा नं. ५ मा लाग्ने ( मिति २०७५।८।१ देखि २०७५।८।९ सम्म) बृहत सिलौटिया मेलाको प्रभावकारी सुरक्षा व्यवस्थापन गर्नका लागि जिल्ला प्रहरी कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ :- डिभिजन सहकारी कार्यालयबाट ओमसतिया गाउँपालिकामा हस्तान्तरण भएको भवन गाउँपालिकाका पदाधिकारी एवं कर्मचारीलाई आवश्यकताका आधारमा आवास सुविधा प्रदान गर्ने प्रयोजनका लागि आवास भवनका रुपमा प्रयोग गर्ने निर्णय गरियो ।

राजु नेपाल
प्रमुख प्रशासकिय अधिकृत